# कोभिड-१९ संक्रमण रोकथाम सञ्चालन कोष कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७/०२/२३

**प्रस्तावनाः**

सिन्धुली जिल्ला भित्र कोभिड-१९ को संक्रमणबाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि स्थापना भएको कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

जिल्ला विपद व्यबस्थापन समितिको २०७७/०२/२३ गते बसेको बैठकले गरेको निर्णयको बुँदा नं.१८ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ संक्रमण रोकथाम कोष सञ्चालन कार्यविधि बनाएकोछ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "कोभिड-१९ संक्रमण रोकथाम सञ्चालन कोष कार्यविधि, २०७७" रहेको छ ।

( २) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले कोभिड-१९ संक्रमण रोकथाम संचालन कोष कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(ख) "प्रभावित व्यक्ति" भन्नाले कोभिड-१९ रोगबाट संक्रमणमा परेका, यस रोगको संभावित जोखिमबाट जोगिन क्वार्न्टाइन तथा आइसोलेशनमा वसेको व्यक्ति वा परिवार सम्झनुपर्छ ।

(घ) "समिति" जिल्ला विपद व्यवस्थापन समिति सम्झनुपर्छ ।

## परिच्छेद – २
## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **कोषको स्थापनाः** (१) जिल्ला स्तरमा कोभिड-१९ रोग को कारण विरामी परेका र संक्रमणबाट उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य जिल्ला स्तरबाट सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न जिल्लामा एक कोभिड-१९ संक्रमण रोकथाम कोष रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि जिल्ला समन्वय समितिको कोष तथा लेखा नियन्त्रक का र्यालयमा रहेको एकल खाता कोषबाट नियमानुसार आर्थिक कारोबार गरिनेछ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत यस जिल्ला स्थित नगरपालिका गाउँपालिकाहरुबाट तथा अन्य सरकारी र गैरसरकारी निकायहरुबाट प्राप्त भएको नगद लाई जनाउँनेछ ।

तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन।

(४) यस कार्यविधि बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै जिन्सी खाता राखी कारोबार गरिनेछ ।

४. **कोषको उद्देश्य** : (१) जिल्ला स्तरमा कोभिड-१९ संक्रमण बाट हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्ने छः

(क) कोभिड-१९ रोग बाट प्रभावित व्यक्ति/परिवारहरूलाई जिल्ला/स्थानीय स्तरमा तुरुन्त उद्धार सेवा उपलब्ध गराउने ।

(ख) कोभिड-१९ रोगको कारण बैदेशिक रोजगारीबाट बिस्थापित भई सोदेश फर्कने क्रममा बाटोमा अलपत्र परेका व्यक्तिहरुलाई तत्कालै आफ्नो घर वा स्थानीय तह सम्म पुग्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) कोभिड-१९ रोग को जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने ।

५. **कोषको आम्दानी** : (१) कोषमा कार्यविधिको दफा (३) को अधिनमा रहि देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछः

(क) गाउँपालिका/नगरपालिकाबाट कोषमा जम्मा हुने गरी प्राप्त रकम,

(ख) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त रकम,

(ग) प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम खोलिएको कोषको बैंक खातामा सिधै जम्मा गर्न सक्नेछ । कोष तथा लेखा नियन्त्रक कार्यालय एकल खातामा नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनुपर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ ।

६. **वस्तुगत सहायता सामाग्री**: (१)कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री कोभिड-१९ रोग को व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा ३ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

७. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा कोभीड-१९ रोग व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल कोभिड-१९ रोग प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी जिल्ला समन्वय अधिकारीको निर्णयबाट एक पटकमा बढीमा बीश हजार रूपैयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम तथा सामाग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः

(क) कोभिड-१९ रोग प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल उद्धार तथा संरक्षण गर्न,

(ख) कोभिड-१९ रोग प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) कोभिड-१९ रोग को कारणबाट बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(घ) कोभिड-१९ रोग रोकथाम र नयन्त्रणका लागि समितिले आवश्यक ठानेका अन्य कार्य गर्न,

८. **कोष प्रयोग गर्न नपाईने**: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा खाजा,भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन पाइने छैन तर सवारी चालकलाई र निजलाई सहयोग गर्नेबढीमा २ जना सम्म सहयोगीलाई रात बिताउनु परेकोमा नियमानुसार दै.भ्रमण भत्ता र सोही दिन फर्किएमा प्रति दिन रु.१५००/- का दरले भत्ता उपलब्ध गराउन सकिने छ ।

(घ) कोभिड-१९ रोग व्यवस्थापनमा बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) कोभिड-१९ रोग जोखिम न्यूनिकरण व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन ।

## परिच्छेद — ३
## कोषको सञ्चालन, लेखा तथा लेखा परिक्षण

९. **कोषको सञ्चालन** : (१) कोषको आर्थिक कारोबार जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट एक पटकमा दश हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी वा निजले तोकेको कोभिड-१९ रोग व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री कोभिड-१९ रोग व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा जिन्सी खातामा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

(५) कोष संचालन सम्बन्धी सम्पूर्ण कृयाकलापको अभिलेख कोष संचालन गर्ने अधिकारीले राख्नु पर्नेछ ।

१०. **कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले जिल्ला विपद व्यवस्थापन समितिले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समितिको बैठक समक्ष पेश गर्नु पर्नेछ ।

११. **लेखा परिक्षण** : (१) कोषको आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) जिल्ला विपद व्यवस्थापन समितिले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

## परिच्छेद –४
## विविध

१२. **रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहने** : (१) दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ । कोभिड-१९ रोग को प्रकोप समाप्त भएपछि पनि कोषमा रकम बचत रहेमा उक्त रकम स्वत; जिल्ला विपद व्यवस्थापन समितिको कोषमा जम्मा हुनेछ ।

१३. **अनुगमन**: (१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको अध्यक्ष वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।